# देवचुली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:६ संख्याः २

नगरकार्यपालिकाबाट स्वीकृत मितिः२०८०/०७/०२
स्थानीय राजपत्रमा प्रकाशित मितिः२०८०/०८/०५

## भाग २

## साईलेज उद्योग संचालन कार्यविधि, २०८०

**प्रस्तावना**

देवचुली नगरपालिकाको साईलेज उद्योगलाई सुचारु रुपले संचालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम देवचुली नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "साईलेज उद्योग संचालन कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि देवचुली नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उद्योग" भन्नाले नगरपालिका मातहतमा रहेको साईलेज उद्योग सम्झनु पर्दछ।

(ख) "कृषक" भन्नाले पशुपालन तथा खेतीपातीमा संलग्न किसानलाई सम्झनु पर्दछ।

(ग) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहना भएका १० देखि २५ जना कृषकहरु भई निर्माण गरिएको समूहलाई सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "निजी फर्म" भन्नाले देवचुली नगरपालिकामा दर्ता भएका कृषि तथा पशुपालन फर्म सम्झनु पर्दछ।

(च) "बेल" भन्नाले साईलेज मेशिनबाट उत्पादित साईलेजको डल्ला सम्झनु पर्दछ ।

देवचुली नगरपालिका राजपत्र

(छ) "लागत सहभागिता" भन्नाले निश्चित प्रतिशत रकम सहकार्य गर्ने फर्म वा कृषक समूह वा सहकारीले ब्यहोर्ने भनि सम्झनु पदर्छ।

(ज) "शाखा" भन्नाले देवचुली नगरपालिका, पशु सेवा शाखा सम्झनु पर्दछ।

(झ) "संस्था" भन्नाले सहकार्यमा उद्योग संचालन गर्ने संस्था सम्झनु पर्दछ।

(ञ) "समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा २ को उपदफा(१) अनुसारको समिति सम्झनु पर्दछ ।

(ट) "सहकारी" भन्नाले प्रचलित कानून अनुसार दर्ता भएका कृषि सहकारी वा दुग्ध बिकास सहकारी संस्था सम्झनु पर्नेछ ।

(ठ) "साइलेज" भन्नाले मकै, टियोसेन्टी लगायतका हरियो घाँसहरुलाई उपयुक्त अवस्थामा काटी स-सानो टुक्रा बनाई साईलेज बेलर मेशिनको मद्दतले प्लाष्टिकले बेरेर हावा नछिर्ने गरी कम्तीमा १ महिनासम्म राखी तयार गरिएको पशु आहार सम्झनु पर्दछ ।

## परिच्छेद २
## समन्वय समिति सम्वन्धी ब्यवस्था

३. **समन्वय समिति** : (१) उद्योग संचालनको लागि देहाय अनुसारको समन्वय समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

देवचुली नगरपालिका राजपत्र

(ख) आर्थिक बिकास समितिको संयोजक सदस्य

(ग) कार्यपालिकाका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेको एकजना कार्यपालिका सदस्य सदस्य

(घ) देवचुली नगरपालिकाका ब्यवसायिक गाईभैंसी पालक कृषकहरु मध्येबाट अध्यक्षले मनोनित गरेका २ जनाकृषक सदस्य

(ङ) कृषि शाखा प्रमुख सदस्य

(च) पशु सेवा शाखा प्रमुख सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उद्योग सम्वन्धी नीति कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(ख) उद्योगको कामहरुको नियमित निरीक्षण, अनुगमन र मुल्यांकन गर्ने, गराउने,

(ग) उद्योगलाई आर्थिक रुपले सक्षम बनाउन उद्योगले उत्पादन गर्ने बस्तुको लागत र बिक्री मुल्यका सम्वन्धमा अध्ययन गरी उपयुक्त निर्णय लिने,

(घ) समितिले अवस्था हेरी आफुमा रहेको अधिकार आफ्नो सामान्य निर्देशनमा समितिको अध्यक्ष वा कुनै सदस्यलाई प्रदान गर्न सक्नेछ,



देवचुली नगरपालिका राजपत्र

(३) समितिको बैठक :

(क (समितिको बैठक अध्यक्षले आवश्यकता अनुसार बोलाउन सक्नेछ । तर त्यस्तो बैठक घटीमा दुई महिनाको एकपटक बस्नुपर्नेछ ।

(ख सदस्य (सचिवले अध्यक्षको स्वीकृति लिई बैठकको कार्यसूचि सहित बैठक हुने स्थान र समयको सूचना सामान्यतया बैठक हुनुभन्दा २४ घण्टा अगावै प्रत्येक सदस्यलाई दिनुपर्नेछ ।

(४) उपसमितिको व्यवस्था : समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरुको गठन गर्न सक्नेछ ।उपसमितिको काम, कर्तव्य र अधिकार समितिले तोकेबमोजिम हुनेछ।

**परिच्छेद ३**

**घाँस उत्पादन सम्वन्धी ब्यवस्था**

४. **घाँस खे तिको प्रवन्ध** : (१) उद्योगका लागि कच्चा पदार्थको रुपमा आवश्यक मकै, टियोसेन्टी लगायतका घाँसको खेति गर्न इच्छुक समुह, समिति, सहकारी, कम्पनी वा कृषकहरुलाई शाखाले अनुसूची १ को ढाँचामा सूचना प्रकाशन गरी निवेदन संकलन गर्न सक्नेछ ।

(२) इच्छुक समुह, समिति, सहकारी, कम्पनी वा कृषकहरुले अनुसूची २ को ढाँचामा खेति गरिने बिवरण र अनुसूची ३ को ढाँचामा निवेदन पेश गर्नु



देवचुली नगरपालिका राजपत्र

पर्नेछ ।

(३) प्राप्त निवेदन बमोजिम उपयुक्त देखिएका समुह, समिति, सहकारी, कम्पनी वा कृषकहरुसँग मकै, टियोसेन्टी लगायतका घाँस खेती गर्न शाखाले अनुसूची ४ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(४) शाखाको बार्षिक बजेटमा ब्यवस्था गरी सम्झौता गरिएका कृषकहरुलाई मकै, टियोसेन्टी लगायतका घाँसको बीउ तथा जैविक/गोवर मल निश्चित प्रतिशत अनुदान वा निःशुल्क बितरण गर्नु पर्नेछ ।

(५) मकै, टियोसेन्टी लगायतका घाँस उत्पादनका लागि आवश्यक अन्य सबै खर्च तथा ब्यवस्था कृषक स्वयमले गर्नु पर्नेछ ।

(६) नगरपालिकाले आफै पनि साईलेज उद्योगका लागि आवश्यक मकै, टियोसेन्टी लगायतका घाँसको खेती गर्न सक्नेछ ।यस प्रयोजनको लागि सरकारी जमिन, बाझो जमिन वा कुनै ब्यक्ति वा संस्थाको जमिन लिजमा लिन सक्नेछ ।

**परिच्छेद ४**

**घाँस खरिद सम्वन्धी ब्यवस्था**

५. **घाँस खरिद गरिने** : (१) शाखासँग सम्झौता गरी मकै खेती गरेका समुहसहकारी, कम्पनी वा ब्यक्तिहरुको मकै, टियोसेन्टी लगायतका घाँस उद्योगले खरिद गर्न सक्नेछ ।

(२) मकै, टियोसेन्टी लगायतका घाँसको खरिद गर्दा साईलेज बनाउन उपयुक्त अवस्थाको घाँस मात्र उद्योगले खरिद गर्न सक्नेछ।उपयुक्त अवस्थाको रुपमा

देवचुली नगरपालिका राजपत्र

बिरुवाको घोघामा लागेका दाना दुधे अवस्थाको (Milk stage or dent stage) वा पोलेर खान उपयुक्त हुने अवस्थाको हुनु पर्नेछ ।

(३) शाखासँग सम्झौता भई मकै, टियोसेन्टी लगायतका घाँस उत्पादन गरेका कृषक समुह, समिति, सहकारी, कम्पनी वा कृषकहरुको घाँस उद्योगले खरिद गर्न सक्नेछ ।खरिद गरिने घाँसको मूल्य निर्धारण अनुसूची ५ बमोजिम हुनेछ ।

(४) समितिले आवश्यक देखेमा तोकिएको खरिद दर परिमार्जन गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा शाखासँग सम्झौता नगरी मकै, टियोसेन्टी लगायतका घाँसको खेती गर्ने अन्य कृषक समुह, समिति, सहकारी, कम्पनी वा कृषकहरुको घाँस पनि तोकिएको दररेटमा उद्योगले खरिद गर्नेछ ।

**परिच्छेद ५**

**<u>कर्मचारी तथा कामदार सम्वन्धी ब्यवस्था</u>**

६. **<u>कर्मचारी तथा कामदार नियुक्ती गर्न सक्ने</u>** : (१) समन्वय समिति सँग समन्वय गरी साईलेज उद्योगले आवश्यक कर्मचारी तथा कामदारहरु नियुक्त गर्न सक्नेछ।साईलेज उद्योगको मा उल्लेख भए ६ सांगठनिक संरचना अनुसूची बमोजिम हुनेछ ।

(२) नियुक्त गरिएका कर्मचारी तथा कामदारहरुको तलव, ज्याला तथा अन्य सुविधा उद्योगले निर्धारण गरे बमोजिम हुनेछ ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद ६

## सवारी साधन तथा अन्य यन्त्र उपकरणहरु भाडामा दिने सम्वन्धी ब्यवस्था

७. **भाडामा दिन सकिने** : (१) उद्योगले उपलब्ध भएका साईलेज उत्पादनका लागि मकै, टियोसेन्टी लगायतका घाँसखेतीमा प्रयोग हुने सवारी साधन तथा अन्य यन्त्र उपकरणहरु नगर क्षेत्रका खेतिमा संलग्न कृषक, कृषक समुह, समिति, सहकारीहरुलाई अनुसूची ७ र मा तोकिएको भाडादरम ८ अनुसूचीभाडामा प्रयोग गर्न दिन सकिनेछ ।

(२) नगर कार्यपालिकाले आवश्यक देखेमा तोकिएको भाडादर परिमार्जन गर्न सक्नेछ ।

## परिच्छेद ७

## साईलेजको बिक्री बितरण सम्वन्धी ब्यवस्था

८. **साईलेजको बिक्री बितरण** : (१) उद्योगबाट उत्पादित साईलेज नगरपालिकाका कृषक समुह, समिति, सहकारी, कृषकहरुलाई प्राथमिकता दिई देशका जुनसुकै स्थानमा बिक्री बितरण गरिनेछ ।

(२) उत्पादित साईलेजको बिक्री मूल्य साईलेजको गुणस्तर हेरी रु. १० देखि रु. ११ प्रति के.जी. हुनेछ । समितिको सिफारिस बमोजिम नगर कार्यपालिकाले बिक्री मुल्य परिमार्जन गर्न सक्नेछ ।

९. **बिशेष ब्यवस्था** : नगरपालिकाका कृषक, कृषक समुह, समिति, सहकारीहरुले घाँस उद्योगमा ल्याई साईलेज बनाउन सक्नेछन । यसरी साईलेज बनाउँदा प्रति केजी रु. ५ शुल्क लाग्नेछ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद ८
## बिविध

१०. **लेखा सम्वन्धी ब्यवस्था** : (१) उद्योगले आर्थिक कारोवारको हिसावकिताव (श्रेस्ता) राख्नु पर्नेछ ।

(२) नगरपालिकाले तोकेको ब्यक्तिले लेखापरिक्षण गर्नेछ ।

(३) उद्योगको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम हुनेछ ।

११. **अनुगमन, मूल्यांकन सम्वन्धी ब्यवस्था :** उद्योग संचालनको समग्र पक्षको अनुगमन तथा मूल्यांकन समन्वय समितिले गर्नेछ ।

१२. **थपघट वा हेरफेर** : (१) यो कार्यविधिको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

(२) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यसको ब्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

देवचुली नगरपालिका राजपत्र

## अनुसूची १

देवचुली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर नवलपरासी

गण्डकी प्रदेश, नेपाल

**<u>साईलेज उत्पादनको लागि मकै, टियोसेन्टी लगायतका घाँस  खेतीको लागि आवेदन पेश गर्ने सम्वन्धि</u>**

**<u>सूचना</u>**

देवचुली नगरपालिका र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेश पोखराको साझेदारीमा सञ्चालित मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत देवचुली नगरपालिकामा सञ्चालन भैरहेको साईलेज उद्योगमा उत्पादन हुने साईलेजको लागि आवश्यक मकै, टियोसेन्टी लगायतका घाँसको खेती गर्न ईच्छुक देवचुली नगरपालिका भित्रका कृषि तथा पशुपालक समुह कृषकहरुलाई मकैको बिउ/निजी फर्म/सहकारी/समिति/................................................ वितरण गरिने हुँदा यसै सूचना साथ संलग्न विवरण भरी तपसिलमा उल्लेखित कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र पशु सेवा शाखामा आवेदन पेश गर्नुहुन अनुरोध छ ।

<u>तपसिल</u>

१. सरकारी निकायमा समुहफर्म दर्ता प्रमाणपत्र/सहकारी/समिति/

२नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी .

२. खेती गरिने जग्गाको लालपूर्जाको प्रतिलिपीभाडामा भए कम /्तिमा ५ बर्षको भाडा सम्झौता



देवचुली नगरपालिका राजपत्र

३. सम्वन्धित वडाको सिफारिस पत्र

४प्रति पासपोर्ट साईजको फोटो २ आवेदकको .

**शर्तहरु**

(क) सरकारी निकायमा दर्ता नभएका कृषकहरुले पनि आवेदन दिन पाउनेछन ।

(ख) मकै, टियोसेन्टी लगायतका घाँस खेती गर्ने कृषक समुहको दर्ता पशु सेवा शाखामा निःशुल्क हुनेछ ।

(ग) आवेदकले कम्तिमा ५ कठ्ठा जग्गामा मकै, टियोसेन्टी लगायतका घाँस खेती गर्नुपर्नेछ ।सो भन्दा कम जग्गामा खेती गर्ने भएमा १० देखि २५ जनाको समुह बनाई गर्नुपर्नेछ ।

(घ) उत्पादित मकै, टियोसेन्टी लगायतका घाँस बाहिर बिक्री गर्न पाईने छैन ।देवचुली नगरपालिकाले उपयुक्त मुल्यमा खरिद गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

# अनुसूची २

## साईलेज उत्पादनको लागि मकै, टियोसेन्टी लगायतका घाँस खेतीको विवरण

| क्र.सं. | समुह<br>निजी /सहकारी/समिति/<br>कृषक/फर्मको नाम | ठेगाना | खेती गरिने जग्गाको क्षेत्रफल | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ३

## निवेदनको ढाँचा

मितिः

श्रीमान् शाखा प्रमुख ज्यू,

पशु सेवा शाखा

देवचुली नगरपालिका

विषयः आवेदन पेश गरेको बारे ।

महोदय,

उपरोक्त विषयमा तँहा कार्यालयको मिति ............................. गते प्रकाशित सुचना अनुसार म/हामी निवेदकले साईलेज उत्पादनको लागि मकै, टियोसेन्टी लगायतका घाँस खेती कार्यक्रम अन्तर्गतको कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक भई यो निवेदन पेश गरेको छु/छौ।

निवेदकः

दस्तखतः

कृषक कृषक/

समुह/सहकारी/फर्मको नामः

ठेगानाः

सम्पर्क नं. :

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ४

## सम्झौता पत्र

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम संचालनको लागि देवचुली नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र मकै, टियोसेन्टी लगायतका घाँस  खेति गर्ने कृषक, समुह वा सहकारी (यसपछि दोश्रो पक्ष) भनिने विच तपशिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

- यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।
- पहिलो पक्षले दोश्रो पक्षलाई मकै, टियोसेन्टी लगायतका घाँस खेतिको लागि प्रति कठ्ठा किलो बीउ र  ................. कठ्ठाको लागि जम्मा ....... किलोका दरले जम्मा ...... किलो ................. कठ्ठाको लागि जम्मा ....... किलोका दरले जम्मा ....... प्रति कठ्ठा जैविक/ गोवर मल निःशुल्क वा  प्रतिशत अनुदानमा ........उपलब्ध गराउने छ । मकै, टियोसेन्टी लगायतका घाँस  खेतिको लागि अन्य सबै खर्च दोस्रो पक्षले ब्यहोर्नुपर्नेछ ।
- दोस्रो पक्षले प्राप्त मल र बीउ प्रयोग गरी उचित तरिकाले घाँसको खेति गर्नुपर्नेछ ।
- दोस्रो पक्षले उत्पादन गरेको मकै, टियोसेन्टी लगायतका घाँस साईलेज उत्पादन गर्न उपयुक्त अवस्थामा प्रथम पक्षले दोस्रो पक्षसंग तोकिएको मुल्यमा खरिद गर्नेछ ।
- प्रथम पक्षले नियमित रुपमा दोस्रो पक्षले मकै, टियोसेन्टी लगायतका घाँस खेति गरे नगरेको अनुगमन गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

- दोस्रो पक्षले उत्पादन गरेको मकै, टियोसेन्टी लगायतका घाँस अनिवार्य रुपमा प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।ब्यक्तिगत प्रयोजनमा प्रयोग गर्न पाईने छैन ।
- यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउने सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितब्यको पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
- यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरिलियौंदियौं/।

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः |
| ठेगानाः | पदः |
| संस्थाको नाम र छापः | कार्यालयको छापः |
| सम्पर्क नं. | |

इति सम्बत्....................साल .................... महिना .....................गते रोज .........

शुभम् ।

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ५

### मकै, टियोसेन्टी लगायतका घाँसको गुणस्तर जाँच तथा मुल्य निर्धारण सम्वन्धी ब्यवस्था


- खरिद गरिएको मकै, टियोसेन्टी लगायतका घाँसको बिरुवाको प्रत्येक लटमा कम्तीमा १० वटा बिरुवाको random sampling गरी निम्न आधारमा गुणस्तर परीक्षण गरी खरिद मुल्य निर्धारण गरिनेछ ।

| मापदण्ड १ | मापदण्ड २ | दर रुप्रति केजी . |
|---|---|---|
| मकै, टियोसेन्टी लगायतका घाँसको घोघाको साइज | घोघामा दानाको अवस्था | |
| ठुलो | टम्म भरिएको (>८०%) | 5 |
| | केही खाली भएको (५०-८०%) | 4.8 |
| | धेरै खाली भएको (<५०%) | 4.5 |
| मध्यम | टम्म भरिएको (>८०%) | 4.8 |
| | केही खाली भएको (५०-८०%) | 4.5 |
| | धेरै खाली भएको (<५०%) | 4.2 |
| सानो | टम्म भरिएको (>८०%) | 4.5 |
| | केही खाली भएको (५०-८०%) | 4.2 |
| | धेरै खाली भएको (<५०%) | 4 |

देवचुली नगरपालिका राजपत्र

**अनुसूची ६**

**<u>उद्योगको सांगठनिक संरचना</u>**




देवचुली नगरपालिका राजपत्र

## अनुसूची ७

**देवचुली नगरपालिकाका कृषकहरुलाई मकै, टियोसेन्टी लगायतका घाँस लगाउन साईलेज उद्योगका सवारी साधन तथा अन्य कृषि उपकरण भाडामा प्रयोग गर्न कायम गरिएको भाडादर**

| सवारी साधन वा यन्त्र उपकरणको नाम | भाडा दर प्रति घन्टा | कैफियत |
|---|---|---|
| ट्र्याक्टर | रु २५०० | |
| ट्र्याक्टर र मोवाइल स्प्रेडर सँगै | रु ३००० | |
| ट्र्याक्टर र थ्रि रो प्रेसिसन प्लान्टर सँगै | रु ३००० | |
| ट्रली | रु ५०० | |
| मोवाइल स्प्रेडर | रु ५०० | |
| थ्रि रो प्रेसिसन प्लान्टर | रु ५०० | |
| पाउर विडर | रु ३०० | |
| रोटरी सिडर | रु २०० | |
| रोटाभेटर | रु ५०० | |
| कल्टीभेटर | रु ३०० | |
| सिंगल रो पावर विडर | रु ३०० | |
| कर्न कटर | रु २०० | |
| ज्याव प्लान्टर | रु १०० | |
| ड्राई ल्याण्ड विडर | रु १०० | |
| डिक्स ह्यारो | रु २०० | |
| एम. बि. प्लो | रु २०० | |

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ८

### ढुवानीको लागि ट्र्याक्टरको प्रयोग गर्दा कायम हुने भाडादर

| क.सं. | दुरी (आवतजावत) | भाडा रु. |
|---|---|---|
| १ | १० किसम्म .मी. | १००० |
| २ | १०कि १५ -.मीसम्म . | १५०० |
| ३ | १५कि २० -.मीसम्म . | २००० |
| ४ | २० किभन्दा माथि .मी. | प्रति किका दरले १०० .मी. |

आज्ञाले
मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र